# स्थानीय- राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १ मितिः २०७९/०४/२५

भाग-२

## विपन्न वर्ग आर्थिक सहायता कार्यविधि,२०७९

## भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

# विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०७९

पेश गरिएको मिति :२०७९/०४/२४

पारित मिति :२०७९/०४/२४

**प्रस्तावना :**

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४२ को समनताको हक सम्बन्धी व्यवस्थाको उपधारा (१ र २) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायको नागरिकको संरक्षण उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भन्ने उल्लेख छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को पालिकाको काम कर्तव्य र अधिकार क्षेत्र भित्र स्थानीय सुरक्षा योजना र व्यवस्थापन गर्न सक्ने उल्लेख गरिएकाले आर्थिक रुपले विपन्नता भएका परिवारको पालन पोषण, हेरचाह शिक्षा, स्वास्थ्य उपचार तथा संरक्षण साथै विपदमा परेका व्यक्ति तथा परिवारका लागि आर्थिक सहायता सहयोग उपलव्ध गराउन बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले **आर्थिक सहायता कार्यविधि, २०७९** तयार पारेको छ ।

## परिच्छेद १

## प्रारम्भिक (नाम र परिभाषा)

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१. यस कार्यविधिको नाम "विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०७९" रहेको छ

१.२. यो कार्यविधि भरतपुर महानगरपालिकाको कार्यपालिकाको बैठकबाट स्वीकृत भै स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

२.१. आर्थिक रुपले विपन्न भन्नाले दैनिक जीवनयापन गर्न कठिनाई भएका आर्थिक रुपले विपन्न परिवार वा व्यक्ति सम्झनुपर्छ ।

प्रमुख

२.२. जोखिममा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, असाहय ज्येष्ठ नागरिक, एकल महिला, हिंसा पिडित तथा प्रभावित व्यक्ति, मानव बेचविखन तथा ओसारपसारबाट प्रभावित भएका व्यक्ति, द्वन्द पिडित व्यक्ति, यौन दुर्व्यवहार र शोषणमा परेका, सडक जीवन जीउन बाध्य भएका, जोखिमपूर्ण व्यवसाय वा कामबाट उद्धार गरीएका, दैनिक जीवनयापनका लागि व्यवसाय स्थापनार्थ रकम अभाव भै आर्थिक सहायता आवश्यकता भएका व्यक्ति सम्झनुपर्छ ।

२.३. "विपन्न परिवार" भन्नाले नेपाल सरकारको प्रचलित कानुन र नीति अनुसार विपन्न परिवार मानिएका परिवार वा व्यक्ति सम्झनु पर्छ र सो शव्दले महानगरको सम्बन्धित वडा समितिले विपन्न परिवार हो भनि सिफारिस गरिएका परिवार वा व्यक्तिलाई समेत जनाउछ ।

२.४. "वडा समिति" भन्नाले महानगरपालिकाका सम्बन्धित वडाका वडा अध्यक्ष्य, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य सहितको समितिलाई जनाउछ ।

२.५) "कार्यालय" भन्नाले भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर भन्ने जनाउछ

## परिच्छेद २

## उद्धेश्य, औचित्य र लक्षित वर्ग

**३. उद्धेश्य :**

महानगर भित्र जोखिम अवस्थामा रहेका, विशेष स्वास्थ्य, सुरक्षा र संरक्षणको आवश्यकता भएका विपन्न परिवार एवम् व्यक्तिको सहज जीवनयापन गर्नमा सहयोगी भूमिका प्रदान गर्न ।

**४. औचित्य :**

४.१. मानव अधिकारको सम्मान ।

४.२. महानगर प्रति नागरिकको अपनत्वको भाव सिर्जना गराउन ।

४.३. विपन्न तथा कमजोर वर्ग र आवाज विहिनहरुका लागि अभिभावकीय भूमिका रहेको महसुस गराउन ।

**५. लक्षित वर्ग :**

५.१) विशेष संरक्षणको आवश्यकता भएका,

५.२) जोखिममा परेका,

५.३) आर्थिक दृष्टिले विपन्न परिवार,

५.४) प्राकृतिक तथा मानवीय कारणबाट पिडित तथा प्रभावित,

५.५) दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाईते भएका,

५.६) जंगली जनावरको आक्रमणबाट घाइते,अंगभंग भइ उपचार गर्नुपर्ने व्यक्ति तथा मृत्युका कारण दाहसंस्कार लगायतका खर्च जुटाउन नसकेका परिवारका सदस्यहरु ,

## परिच्छेद: ३

## आर्थिक सहायता सहयोगको व्यवस्था, उपलव्ध गराउने आधार, सिमा र सिफारिस

६. महानगरपालिकाले प्रत्येक आर्थिक वर्ष विनियोजित स्वीकृत वार्षिक कार्यक्रम तथा अन्य श्रोतबाट प्राप्त रकमबाट आर्थिक सहायता सहयोग रकमको व्यवस्थापन गरिनेछ ।

**७. आर्थिक सहायता उपलव्ध गराउने आधारहरु र सीमा :**

यस कार्यविधि बमोजिम तोकिएको लक्षित वर्गलाई बढीमा एक आर्थिक वर्षमा एकपटक मात्र देहाय बमोजिमको आर्थिक सहायता मध्ये कुनै एक आर्थिक सहायता सहयोग देहायको आधार र सीमा भित्र रही उपलव्ध गराईनेछ ।

७.१ क्यान्सर, मेरुदण्ड पक्षघात, अङ्ग प्रत्यारोपण समेतका निकै जटिल प्रकृतिका दीर्घरोगी र जङ्गली जनवारको आक्रमणबाट अङ्ग भङ्ग भै गम्भिर घाईते भएका तथा मृत्यु भएका परिवारहरुलाई समेत बढीमा पचास हजार रुपैयाँ सम्म ।

७.२ गम्भीर प्रकृतिको रोग वा घातक रोग, दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाईते भएका, गम्भीर शारीरिक वा मानसिक समस्या वा गम्भीर अपाङ्गता भएकै कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन कठिनाई भएका व्यक्तिको उपचार सहयोग र निरन्तर रुपमा औषधी सेवन गरिरहनु पर्ने लगायतका खर्च जुटाउन नसकेका परिवारका सदस्यहरुलाई बढीमा पच्चिस हजार रुपैया सम्म ।

७.३ अनाथ/असहाय/अशक्त बालबालिका वा बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक समस्या भएका, अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिकाको पालनपोषण, हेरचाह, शिक्षादिक्षा तथा संरक्षण सहयोग पन्ध्र हजार रुपैया सम्म ।



प्रमुख

७.४) जोखिममा परेका प्राकृतिक वा मानवीय कारणले सिर्जित आपतकालीन संरक्षण सहयोगका लागि दश हजार रुपैया सम्म ।

७.५) आर्थिक विपन्नताकै कारण सानोतिनो पेशा व्यवसाय सञ्चालन गर्न नसकी आफूसँग आश्रित परिवार पाल्न दैनिक कठिनाई भोगिरहेका साहारा विहिन व्यक्तिका लागि पन्ध्र हजार रुपैयाँ सम्म ।

७.६) विपन्न परिवारका बालबालिकाका लागि लत्ता कपडा, विद्यालय पोशाक, झोला तथा शैक्षिक सामाग्री वा सामान्य उपचार सहयोग दश हजार रुपैया सम्म ।

**८. सिफारिस आवश्यक हुने :**

८.१ सम्बन्धित वडा समितिको बैठकबाट आर्थिक रुपले विपन्न भएको भन्ने सिफारिस पत्र ।

८.२ गम्भीर रोगका कारण उपचार विरामीको हकमा सम्बन्धित अस्पतालमा उपचार गराएको रोग खुल्ने प्रमाणित पत्र ।

## परिच्छेद ४

## आर्थिक सहायता सहयोग प्राप्त गर्न पुरा गर्न आवश्यक कागजात विधि र प्रक्रिया :

**९) निवेदन दिनुपर्ने :**

यस कार्यविधि बमोजिमको आर्थिक सहायता सहयोग प्राप्त गर्न अनुसूची १ मा उल्लेखित निवेदन सम्बन्धित व्यक्ति स्वयम् वा बाबुआमा वा संरक्षकले लिखित रुपमा महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

**१०) आवश्यक कागजात संलग्न गर्नुपर्ने :**

निवेदनका साथ देहायका विवरण संलग्न गर्नुपर्नेछ,

१०.१ सम्बन्धित वडा कार्यालयबाट वडा समितिको बैठकको निर्णयबाट सिफारिस गरेको पत्र ।

१०.२ निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

१०.३ भरतपुर महानगरपालिकाको स्थायी बसोवास खुलेको कागजात ।

१०.४ गम्भीर रोग/जटिल प्रकृतिका दिर्घरोगी, चोटपटक लागेका विरामी भएका व्यक्ति हकमा स्वीकृत प्राप्त चिकित्सकको सिफारिसको आधारमा ।

**११) आर्थिक सहायता उपलब्ध गराउन सकिने,**

११.१ अनुसुची १ बमोजिम प्राप्त निवदेन र दफा १० बमोजिम संलग्न कागजात सहित वडा कार्यालयबाट सिफारिस भै आएका निवेदनका आधारमा सहायता रकम उपलब्ध गराउने सम्बन्धमा नगरस्तरीय समितिको निर्णयबाट गराउन सकिनेछ ।

११.२ नगरस्तरिय आर्थिक सहायता समिति देहाय बमोजिम हुनेछ ।

संयोजक - नगर प्रमुख

सदस्य - नगर उप-प्रमुख

सदस्य - प्रमुख प्रशासकिय अधिकृत

सदस्य - सामाजिक विकास समितिका संयोजक

सदस्य - स्वास्थ्य तथा सामाजिक विकास महाशाखा प्रमुख

सदस्य - आर्थिक महाशाखा प्रमुख

सदस्य-सचिव - जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख

**१२) आर्थिक सहायता सहयोग उपलब्ध गराउन नसकिने :**

यस कार्यविधि बमोजिमको आर्थिक सहायता सहयोग महानगर क्षेत्र भित्र स्थायी बसोबास नभएका व्यक्ति वा परिवारलाई उपलब्ध गराउन नसकिने,

तर, कुनै गम्भीर प्रकृतिको रोग वा आकस्मिक चोटपटक लाग्न गै तत्काल उपचार खर्च नभै सहयोगको लागि अनुरोध गरेको अवस्थामा आवश्यक जाँचबुझबाट ठहर भएका व्यक्ति, सडक बालबालिका, सडक वेसाहारा जीवन गुजारा गरिरहेका व्यक्ति र विगत ५ वर्ष देखि महानगरपालिका क्षेत्रभित्र बसोबास गर्दै आएका परिवारका सदस्यलाई तोकिएको मापदण्डको सीमा भित्र आपतकालीन सहयोग उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

**१३) प्रचलित कानुन बमोजिम हुने :**

यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१४) बाधा अड्काउ फुकाउन सक्ने :**

यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाको बैठकले फुकाउन सक्नेछ ।



प्रमुख

## अनुसूची १

### निवेदनको ढाँचा :

मिति : २०७९/.../...

श्री भरतपुर महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

भरतपुर चितवन ।

**विषय : आर्थिक सहायता सहयोग उपलब्ध गरीपाउँ ।**

महोदय,

वागमती प्रदेश चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.......स्थायी बसोबास गर्ने श्री ....................को (छोरा/छोरी/बाबु/आमा/नाति/नातिनी/श्रीमान/श्रीमती) श्री .........................अनाथ /असाहय/अशक्त/विपन्न परिवारको भएकोले आवश्यक कागजात सहित संलग्न राखी .........................रोगको उपचार भैरहेको/भएको/गर्नुपर्ने भएकाले/पालनपोषण, हेरचाह, शिक्षादिक्षा उपचार, संरक्षण तथा जीविकोपार्जनको लागि नियमानुसारको आर्थिक राहात सहयोग उपलब्ध गराईदिनु हुन अनुरोध छ । चालु आर्थिक वर्षमा यस उल्लेखित कार्य प्रयोजनका लागि कुनै निकाय वा संस्थाबाट सहयोग प्राप्त गरेको छैन वा .............निकाय/सस्था/व्यक्तिबाट रु. ...............सहयोग प्राप्त गरेको भए पनि अपुग हुन गएको व्यहोरा अनुरोध गर्दछु ।

**निवेदक**

दस्तखत :

नाम :

ठेगाना

सर्म्पक नं.